सुन्दरबजार  नगरपालिकाको १० औ नगर सभामा

उप प्रमुख भवानी के .सी. ज्यू द्वारा प्रस्तुत

# सुन्दरबजार  नगरपालिकाको आ ब . २०७९/८०  को  बजेट

सुन्दरबजार  नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

सुन्दरबजार , लमजुङ

गण्डकी प्रदेश, नेपाल

नगरसभाका आदरणीय अध्यक्षज्यू,

नगरसभाका सदस्यज्यूहरु,

१. नेपालको संविधान बमोजिम गठित स्थानीय सरकारको तर्फबाट यस सम्मानित नगरसभा समक्ष सुन्दरबजार नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को बजेट तथा कार्यक्रम प्रस्तुत गरिरहँदा मैले आफूलाई गौरवान्वित महशुस गरेको छु ।

२. यस महत्वपूर्ण अवसरमा म सर्वप्रथम राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटक-पटक गर्दै आएका ऐतिहासिक जन-आन्दोलन, सशस्त्र सङघर्ष, त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण एवं शहीदहरु तथा बेपत्ता र पीडित नागरिकहरु प्रति स्थानीय सरकारको तर्फबाट हार्दिक सम्मान व्यक्त गर्न चाहन्छु ।

३. संघ, प्रदेश र स्थानीय तहवीचको सहकारिता, सहअस्तित्व र समन्वय लाई प्रवर्दन गर्दै जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गरी सरकार जनतामाझ नै आएको अनुभूति जनतालाई दिनुपर्ने अवसर, दायित्व र चुनौती हामी माझ आएको छ ।

४. आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा मैले हाल सम्म हासिल भएका उपलब्धिहरु संस्थागत गर्दै जनप्रतिनिधमूलक लोकतान्त्रिक पद्धतिबाट नेपाली नागरिकले खोजेको सेवा, चाहेको विकास र परिकल्पना गरेको समतामूलक समाजको निर्माण गर्ने प्रणालीबाट निर्देशित हुँदै समाजवाद उन्मुख उदयमान नगरपालिकाको रुपमा स्थापित गर्न यो बजेट केन्द्रित गरेको छु ।

५. बजेट तर्जुमा गर्दा मैले मूलत: नेपालको संविधान र कानूनहरु, नेपाल सरकार तथा प्रदेश सरकारको नीति, कार्यक्रम तथा बजेट वक्तव्य, विनियोजन विधेयक, २०७९/८० को सिद्धान्त र प्राथमिकता, नगरपालिका निर्मित विविध कानुनहरु, नगर कार्यपालिकाका निर्णयहरु तथा दीगो विकास लक्ष्यलाई मुख्य आधार बनाएको छु । साथै, यसै सभाले आगामी आर्थिक वर्षका लागि पारित गरेको नीति तथा कार्यक्रम, नागरिक समाज तथा नगरबासीहरुले विभिन्न माध्यमबाट दिएका सुझावहरुलाई मार्गदर्शनका रुपमा लिएको छु ।

६. स्थानीय सरकारको आन्तरिक स्रोत, नेपाल सरकार र प्रदेश सरकारबाट हस्तान्तरित अनुदान तथा राजस्व वाँडफाँडलाई मुल आधार मानी यो बजेट तथा कार्यक्रम तर्जुमा गरेको छु । साथै यस बजेटमा

नगरपालिकाको आफ्नो क्षेत्राधिकारभित्र कर तथा गैर कर राजस्व परिचालन र व्यवस्थापनलाई प्राथमिकतामा राखेको छु ।

७. कार्यक्रमको छनौट, साधन स्रोतको बाँडफाँट र विनियोजनमा देखिने दोहोरोपनलाई न्यूनीकरण गर्न प्रशासनिक तथा प्राविधिक क्षमता, स्रोत तथा विनियोजनका वीचमा सन्तुलन कायम हुने गरी स्रोत व्यवस्थापन गर्ने व्यवस्था मिलाएको छु ।

८. समाजवाद उन्मुख अर्थतन्त्रको निर्माण,भौतिक पूर्वाधारको निर्माण र व्यवस्थापन, आन्तरिक स्रोतको आधार विस्तार, उत्पादन र उत्पादकत्व बृद्धि, आयोजनाको प्राथमिकीकरण, असल शासन प्रवर्दन र अन्तरसरकारी समन्वय हाम्रो प्रमुख चुनौती रहेका छन।

९. नगरपालिकामा उपलब्ध हुने साधन स्रोतमा उल्लेख्य बढोत्तरी नहुने तर नगरपालिकाले व्यवस्थापन गर्नुपर्ने नागरिकहरुको संख्या र सेवाको परिमाण थपिने यस्तो असन्तुलित परिस्थितिका बीच आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम पेश गरिरहँदा म झनै गम्भीर बनेको छु । यो बजेट तथा कार्यक्रम प्रस्तुत गरिरहँदा मानिस र प्रकृति बीचको निरन्तर संघर्षमा हामी उठ्न सक्छौं र हामी उठ्ने छौं भन्ने दृढ आत्मविश्वास लिएको छु । यही दृढताका साथ नीति तथा कार्यक्रम निर्माण तथा छलफलका क्रममा नगर सभा सदस्यहरुले दिनु भएका महत्त्वपूर्ण सुझाव तथा नागरिक समाजका व्यक्तिहरुबाट प्राप्त सुझाव समेत समेटी बजेट तथा कार्यक्रमहरु तय गरेको छु ।

१०. अब म चालु आ.व.को संशोधित आय तथा व्ययको विवरण पेश गर्दछु । कुल आय संशोधन गरी ६४ करोड ५३ लाख ९१ हजार कायम गरिएको छ । चालु खर्च तर्फ ३७ करोड २२ लाख ५६ हजार ९०० रुपैयाँ अनुमान गरिएको छ । पूँजीगत तर्फ २७ करोड ३१ लाख ३४ हजार १०० रुपैयाकोको संशोधित अनुमान गरिएको छ ।

सभाका अध्यक्षज्यू, सभाका सदस्यज्यूहरु

११. अव म आगामी आर्थिक वर्ष २०७९/८० को वजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु । बजेटका उद्देश्य निम्न अनुसार रहेका छन् :

१) सुन्दरबजार नगरपालिकाको अर्थतन्त्रलाई चलायमान र गतिशील बनाउनु,

२) जनसहभागिता,उत्तरदायित्व,पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु,

३) लोकतन्त्रका लाभहरुको समानुपातिक, समावेशी र न्यायोचित वितरण गर्नु,

४) कानुनी राज्य र दिगो विकासको अवधारणाअनुरुप समाजवाद उन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढीकरण गर्नु,

५) स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गर्नु,

६) स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्नु ।

७) जनताको खाद्य सुरक्षाको संवैधानिक अधिकारको प्रत्याभूति गर्न सहकारी तथा निजी क्षेत्रसँग समन्वय गरी खाद्य आपूर्ति श्रृङ्खला व्यवस्थित गर्ने

१२. बजेटका उल्लेखित उद्देश्यहरु परिपूर्ति गर्न देहाय बमोजिम क्षेत्रगत प्राथमिकता र कार्यक्रम मिलाएको छु ।

१) सर्बसुलब स्वास्थ्य, गुणस्तरीय शिक्षा, खानेपानी तथा सरसफाई, संस्कृति प्रबर्धन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको विकास मार्फत सामाजिक विकास

२) कृषि, पशुपालन, पर्यटन, उद्योग तथा वाणिज्य, सहकारी, वित्तीय क्षेत्रको विकास मार्फत आर्थिक विकास

३) सडक तथा झोलुङ्गे पुल, सिंचाई, भवन तथा शहरी विकास, उर्जा तथा सञ्चार क्षेत्रको विकास मार्फत पूर्वाधार विकास

४) वन, वातावरण तथा जनसहभागितामा आधारित विपद व्यवस्थापन

५) सूचना तथा सञ्चार प्रविधिको पहुँच विस्तार गरी आधुनिक प्रविधि मैत्री सार्बजनिक सेवा प्रबाह सुशासन तथा संस्थागत विकास

सभाका अध्यक्षज्यू, सभाका सदस्यज्यूहरु,

अव म चालु आर्थिक वर्ष २०७८/७९ को आय व्ययको यथार्थ स्थिति प्रस्तुत गर्न चाहन्छु ।

१३. चालु आर्थिक वर्षमा रु १ करोड १० लाख राजस्व परिचालन हुने अनुमान रहेकोमा २०७९ असार ९ गतेसम्म रु ९६ लाख १३ हजार ९८ रुपैया ५९ पैसा राजस्व संकलन भएको छ । त्यसैगरी चालु आर्थिक वर्षको असार ९ गतेसम्म नेपाल सरकारबाट वित्तीय समानीकरण अनुदान बापत रु ११ करोड ३९ लाख १३ हजार संघीय राजस्व वाँडफाँड बापत रु ६ करोड २८ लाख ३४ हजार रुपैया प्राप्त भएको छ । त्यस्तै प्रदेश वित्तिय समानीकरण अनुदानवापत रु ९२ लाख ६६ हजार आय प्राप्त भएको छ । प्रदेश राजस्व बाँडफाँड बाट प्राप्त हुने आय हालसम्म प्राप्त हुन आएको छैन ।चालु आर्थिक वर्षको सशर्त अनुदान तर्फ

रु ३२ करोड ५६ लाख ४३ हजार रुपैया प्राप्त भएको छ। त्यस्तै सामाजिक सुरक्षा भत्ता बापत रु ११ करोड २६ लाख ७ हजार रुपैया प्राप्त भएको छ ।

१४. चालु आर्थिक वर्षमा २०७९ असार १० गतेसम्म चालु खर्च रु २१ करोड ७६ लाख ५५ हजार ८ सय ४५ रुपैया तथा पूँजीगत खर्च रु ९ करोड २६ लाख १८ हजार ९ सय ८८ गरी जम्मा रु ३१ करोड २ लाख ७४ हजार ८ सय ३३ रुपैया व्यय भएको छ ।

आर्थिक वर्ष २०७७/७८ को राजस्व र व्ययको यथार्थ विवरण, आर्थिक वर्ष २०७८/७९ को हाल सम्मको आय तथा व्यय विवरण र आर्थिक वर्ष २०७९/८० को अनुमानित आयव्ययको विवरण अनुसूचीहरुमा उल्लेख गरेको छु ।

सभाध्यक्ष महोदय,

सभाका सदस्यज्यूहरु,

अब म क्षेत्रगत रुपमा आगामी वर्ष २०७९/८० को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

सर्वप्रथम म सामाजिक विकास क्षेत्र र यसका उपक्षेत्रगत कार्यक्रमहरुको विनियोजन प्रस्तुत गर्दछु ।

सामाजिक विकास क्षेत्र अन्तर्गत अब म स्वास्थ्य उपक्षेत्रको बजेट प्रस्तुत गर्न चाहन्छु ।

१५. विकासको साध्य र साधन दुवै नागरिकनै भएकाले सवै नागरिकलाई स्वस्थ बनाई उत्पादकत्व अभिवृद्धि गर्न र सवल मानव पुँजी निर्माण गर्न स्वास्थ्य क्षेत्रलाई विशेष प्राथमिकता दिई वजेट विनियोजन गरेको छु ।

१६. घरमा हुने सुत्केरी सुन्य गर्नका लागि जिल्ला भित्र प्रसुती गराउन जादा एम्बुलेन्स सेवा नि:शुल्क उपलब्धता कार्यक्रम तथा प्रसुती गराउदा छोरी जन्मेमा छोरीको नाममा प्रति जन्म रु. २००० को बैंक खाता खोल्ने कार्यक्रमका लागि ६ लाख बिनियोजन गरेको छु ।

१७. नियमित स्वास्थ्य संस्था नभएका वडाहरु तथा भौगोलिक रुपले स्वास्थ्य संस्थासम्म पुग्न असहज हुने क्षेत्रका लागि शहरी स्वास्थ्य केन्द्रलाई निरन्तरता दिएको छु । यसका लागि ४८ लाख रुपैयाँको व्यवस्था गरेको छु ।

१८. स्वास्थ्य संस्थाहरुको आवधिक लेखाजोखा गरी सुधार गर्ने प्रयोजनका साथ छानिएका स्वास्थ्य संस्थाहरुको सामाजिक परीक्षणका लागि १ लाख रुपैयाँ तथा एच.आई.भी संक्रमितलाई प्रोत्साहन तथा सहयोगात्मक कार्यका लागि १ लाख बजेट बिनियोजन गरेको छु ।

१९. स्वास्थ्य संस्था संचालन तथा ब्यबस्थापन समितिको क्षमता अभिवृद्धि कार्य तथा स्वास्थ्य ब्यबस्थापन कार्यक्रमका लागि १६ लाख तथा अस्पताल अनुदान तथा भोटेवड़ार आँखा केन्द्र तथा सहरी स्वास्थ्य केन्द्रलाई अनुदानका लागि ३० लाख बजेट छुट्याएको छु ।

२०. नागरिकको आरोग्यतालाई ध्यानमा राख्दै महामारी रोग नियन्त्रण कार्यक्रम अन्तर्गत डेंगु लगायतका किटजन्य रोगहरूको नियन्त्रणका लागि लामखुट्टेको वासस्थान खोजी गरी लार्भा नष्ट गर्ने अभियान संचालन गर्ने तथा सरोकारवालाहरूसंग अभिमुखिकरण गर्ने र किटजन्य रोग नियन्त्रण कार्यक्रमको डाटा भेरिफिकेशन तथा  अत्यावश्यक औषधी, स्वास्थ्य सामग्री तथा औजार खरिद गर्ने प्रयोजनका लागि २९ लाख ७५ हजार  बजेट बिनियोजन गरेको छु ।

२१. परिवार कल्याण कार्यक्रम अन्तर्गत प्रजनन स्वास्थ्य कार्यक्रम, मातृ  तथा नवजात शिशु कार्यक्रम ,  आमा सुरक्षा, गर्भवती, रक्तसंचार, उत्प्रेरणा सेवा, न्यानो झोला र निशुल्क गर्भपतन कार्यक्रम,पोषण कार्यक्रम, कोभिड १९ विरुद्ध खोप अभियान तथा बुस्टर खोप तथा क्षयरोग नियन्त्रण कार्यक्रमका लागि नियमित खोप सुदृढीकरण, पूर्ण खोप सुनिश्चतताका लागि ५४ लाख रुपैयाँको व्यवस्था गरेको छु ।

२२. विद्यालय स्वास्थ्य शिक्षा/आमा समूह तथा महिला स्वास्थ्य स्वयं सेविकाहरुका लागि सामाजिक ब्यवहार परिवर्तन तथा सुर्तिजन्य पदार्थ तथा मध्यपान सेवनको न्यूनिकरण सम्बन्धी संचार कार्यक्रम कार्यक्रमका लागि  १ लाख बजेट छुट्याएको छु ।

२३. आयुर्बेद सेवा कार्यक्रम अन्तर्गत  औषधालयको तलब, भत्ता, संचालन खर्च, योग शिबिर तथा आयुर्बेद शिबिरका लागि  ७२ लाख बजेट बिनियोजन गरेको छु ।
यसरी सशर्त अनुदान तर्फ ६ करोड ५७  लाख  र आन्तरिक स्रोत तर्फ ८१  लाख गरी स्वास्थ्य तथा आयुर्बेद क्षेत्रमा जम्मा ७ करोड  ३८ लाख रुपैयाँ विनियोजन गरेको छु ।

सभाका अध्यक्षज्यू तथा  सभाका सदस्यज्यूहरु,

अब म शिक्षा उपक्षेत्रको बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

२४. सामाजिक रुपान्तरण र आर्थिक विकासको आधारशिला रहेको शिक्षाको विकासमा मैले सर्वोपरी जोड दिएको छु । शिक्षालाई प्राविधिक, व्यवसायिक तथा रोजगारमूलक बनाउँदै सक्षम, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति निर्माण गर्न आवश्यक वजेटको व्यवस्था मिलाएको छु ।

२५. सबैका लागि शिक्षा अन्तर्गत स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान का लागि १४ करोड ६८ लाख वजेट विनियोजन गरेको छु।

२६. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार्न बिद्यालय शिक्षा क्षेत्र कार्यक्रमका लागि ५ करोड १४ लाख वजेट विनियोजन गरेको छु ।

२७. अत्यन्त न्यून पारिश्रमिकमा सेवा गरिरहेका बाल विकास केन्द्रका सहजकर्ताहरु, विद्यालय कर्मचारीहरु तथा सामुदायिक सिकाइ केन्द्रका समुदाय परिचालकलाई संघ सरकारको साझेदारीमा न्यूनतम पारिश्रमिक उपलब्ध गराउने प्रयोजनका लागि ९५ लाख तथा बाल विकास केन्द्रका सहजकर्ताहरुको तालिम का लागि १ लाख ३८ हजार रकमको व्यवस्था गरेको छु ।

२८. विद्यालयका लेखाका कर्मचारी तथा लेखाको काम गर्ने शिक्षकलाई तालिम,बिद्यालय सुधार योजना तालिम, बहुकक्षा शिक्षण सम्बन्धि तालिम , खोजमुलक तथा परियोजनामा आधारित सिकाइ प्रक्रिया सम्बन्धि तालिम ,शैक्षिक मेला तथा सामग्री प्रदर्शनी,बिषयगत शिक्षक समुहबाट जर्नल प्रकाशनका लागि ५ लाख ५० हजार बजेट विनियोजन गरेको छु ।

२९. शिक्षकहरुलाई उत्प्रेरणा पुर्याउने हेतुले भ्रमण तथा अनुभब आदान प्रदान तथा उत्कृस्ट कार्यसम्पादन गर्ने कर्मचारी,शिक्षक ,बिब्यस पदाधिकारीका लागि सम्मान तथा पुरस्कार तथा उत्कृस्ट कार्यमूलक अनुसन्धान प्रकाशन तथा पुरस्कार, विद्यार्थीहरुमा छिपेर रहेको अन्तरनिहित प्रतिभा पहिचान कार्यक्रमका लागि ५ लाख १० हजार छुट्टयाएको छु।

३०. ज्ञान निर्माणमा योगदान पुर्याउने प्रयोजनले अध्ययन तथा अनुसन्धान शिर्षकमा ३ लाख तथा न्युन आय भएका जेहेन्दार **छात्रा**लाई प्रोत्साहन स्वरूप **उपप्रमुख जेहेनदार छात्रवृति** कार्यका लागि १ लाख छुट्टयाएको छु।

यसरी सशर्त अनुदान तर्फ १९ करोड ८२ लाख र र आन्तरिक स्रोत तर्फ १ करोड २९ लाख गरी शिक्षा क्षेत्रमा जम्मा २१ करोड ११ लाख रुपैयाँ विनियोजन गरेको छु ।

अब म युवा परिचालन, खेलकुद तर्फको विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

३१. युवाहरुको क्षमता सीप प्रयोग गर्ने उद्देश्यका साथ नमुना युवा संसद संचालन गर्ने योजना बनाएको छु । यसका लागि २ लाख रुपैयाँ विनियोजन गरेको छु ।

३२. वडा तथा नगर स्तरमा युवा क्लब तथा युवा सञ्जाल गठन गरी युवाहरुको क्षमता विकास गर्न १ लाख,राष्ट्रपति रनिङ शील्ड प्रतियोगिताका लागि सशर्त तर्फ १ लाख र आन्तरिक तर्फ ५ लाख ५० हजार

गरी जम्मा ६ लाख ५० हजार रुपैयाँ विनियोजन गरेको छु । मेयर कप फुटबल प्रतियोगिताका लागि ४ लाख रुपैयाँ छुट्याएको छु । त्यसैगरी खेलकुद प्रोत्साहनका लागि अनुदानका रुपमा ४ लाख रुपैया छुट्याएको छु ।

३३. रन फर सुन्दरबजार कार्यक्रमका लागि २ लाख रुपैयाँ छुट्याएको छु । त्यसैगरी कुलतमा फसेका युवा युवतीहरुका लागि अभिमूखीकरण कार्यक्रमका लागि ५० हजार रुपैया बिनियोजन गरेको छु ।
यसरी युवा परिचालन तथा खेलकुद क्षेत्रतर्फ जम्मा १९ लाख रुपैया बिनियोजन गरेको छु ।

सभाका आदरणीय अध्यक्षज्यू, तथा सभाका सदस्यज्यूहरु,

अब म लैंगिक समानता तथा सामाजिक समावेशीकरण उपक्षेत्रको बजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु।

३४. बाल सञ्जाल गठन तथा परिचालन, बाल सञ्जाल बैठक सञ्चालन, बाल/बालिका को लागि उद्घोषण कला तथा ब्यक्तित्व विकास तालिम,मा बि स्तरीय रनिंग शिल्ड हाजिर जवाफ प्रतियोगिता तथा बाल बिबाह अन्त्यका लागि सचेतना कार्यक्रम सञ्चालनका लागि ३ लाख ८० हजार रुपैयाँ विनियोजन गरेको छु ।

३५. स्थानीय जेष्ठ नागरिक समन्वय समितिको गठन तथा बैठक सञ्चालन,ज्येष्ठ नागरिक भेला, परम्परागत सीप हस्तान्तरण, जेष्ठ नागरिक सम्मान तथा भ्रमण कार्यक्रम तथा जेष्ठ नागरिकहरुको "मैले भोगेको विगत" पुस्तक प्रकाशनका लागि समेत गरी ४ लाख २५ हजार रुपैयाँ छुट्याएको छु ।

३६. अपाङ्गता सम्बन्धी बैठक र अपाङ्गता भएका व्यक्तिका परिवारका सदस्यहरुलाई सीप विकास तालिम तथा व्यवसाय स्थापना सहयोगका लागि २ लाख रुपैयाँ तथा महिलाहरुको लागि क्रिष्टल भरेर मखमलका जुत्ता बनाउने तालिम र टपरी बनाउने तालिम तथा मेसिन खरिदका लागि ३ लाख ५० हजार रुपैयाँ विनियोजन गरेको छु ।

३७. नगरपालिका परिसरमा स्तनपान कक्ष निर्माण तथा डिजीटल ज्येष्ठ नागरिक तथा अपांगता परिचय परिचयपत्रका लागि रु ३ लाख २० हजार साथै लैंगिक हिंसा निवारणमा पुरुष सहभागिता प्रबर्धन तथा लैंगिक हिंसा निवारण कोष संचालनका लागि १ लाख ५० हजार बजेट छुट्टयाएको छु ।

३८. बाल मैत्री स्थानीय शासनको आधार तय गर्न १ लाख रुपैयाँ तथा पोषण मैत्री पालिकाको रुपमा विकास गर्ने अबधारण अनुरुप बहुक्षेत्रीय पोषण कार्यक्रमका लागि ८ लाख रुपैया बिनियोजन गरेको छु ।
यसरी लैंगिक समानता तथा सामाजिक समावेशीकरणका लागि सशर्त तर्फ ३ लाख र आन्तरिक स्रोततर्फ २५ लाख गरि कुल २८ लाख रुपैयाँ विनियोजन गरेको छु ।

अब म सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम सम्बन्धी विनियोजन प्रस्तुत गर्न चाहन्छु ।

३९. संघीय सरकारको अनुदानमा सामाजिक सुरक्षा भत्ता कार्यक्रमलाई निरन्तरता दिंदै यसका लागि १७ करोड रुपैयाँ विनियोजन गरेको छु ।

४०. प्रधानमन्त्री रोजगार कार्यक्रम तथा युवा रोजगारीको लागि रुपान्तरण पहल परियोजनामा सशर्त तर्फ ७० लाख र आन्तरिक तर्फ २० लाख रुपैयाँ गरी जम्मा ९० लाख रुपैया विनियोजन गरेको छु ।

४१. सामाजिक सुरक्षा कार्यक्रम संचालनका लागि सचेतना तथा ब्यबस्थापनका लागि २ लाख रुपैयाँ छुट्याएको छु ।

४२. आवास व्यवस्था कार्यक्रम अन्तर्गत सुरक्षित नागरिक आवास कार्यक्रमका लागि १८ लाख रुपैयाँ बजेट छुट्ट्याएको छु ।

यसरी सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रमका लागि कुल १८ करोड १० लाख रुपैयाँ विनियोजन गरेको छु।

सभाअध्यक्षज्यू, तथा सभाका सदस्यज्यूहरु,

अब म आर्थिक विकास क्षेत्रका विभिन्न उपक्षेत्र तथा कार्यक्रमहरुको विनियोजन प्रस्तुत गर्न चाहन्छु।

अब म कृषि उपक्षेत्रतर्फको विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

४३. नागरिकको खाद्य अधिकार सुरक्षित गर्दै गरिवीको अन्त्य गर्न, ठुलो संख्यामा रहेका कृषक परिवारको आयस्तर वृद्धी गर्न तथा सवल अर्थतन्त्रको निर्माण गर्न कृषिको आधुनिकीकरण, विशिष्टीकरण र व्यवसायीकरण गर्न बजेट केन्द्रित गरेव्को छु।

४४. उन्नत बीउविजन, मलखादको व्यवस्था तथा सिचाईको प्रवन्ध गर्दै उन्नत खेती र उच्च मूल्यका बालीको विकास गर्न धानबाली तथा तेलहन बालि प्रवर्द्धन कार्यक्रमका लागि २६ लाख ५० हजार, साना सिंचाई पूर्वाधार निर्माणका लागि २ लाख, खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान तथा उन्नत बिउ वितरकलाई प्रोत्साहनका लागि ९ लाख २० हजार रुपैयाँ विनियोजन गरेको छु ।

४५. मौरी घार, उपकरण वितरण, च्याउको बीऊ वितरण,तरकारी मिनीकिट वितरणका लागि ७ लाख ९० हजार रुपैयाँ विनियोजन गरेको छु । यसका लागि किसानका तर्फबाट समेत केहि प्रतिशत साझेदारी हुनुपर्ने व्यवस्था मिलाएको छु ।

४६. आई.पी.एम कृषक पाठशालाका लागि ३ लाख तथा ७५ % अनुदानमा सिलपोलिन प्लास्टिक तथा स्प्रेयर ,सिकेचर  वितरणका लागि ४ लाख २० हजार तथा सुन्दरबजारमा उत्पादित हुने महको ब्रान्डीइंगको सुरुवाती कार्यका  लागि ५० हजार  बजेटको व्यवस्थापन गरेको छु ।

४७. कृषि स्नातक करार तथा पशु सेवाका एक गाँउ एक प्राविधिकहरुको ब्यबस्था, किसान सूचीकरण कार्यक्रम तथा  कृषि, पशुपन्छी तथा मत्स्य तथ्याकं अध्यावधिक कार्यक्रम,कृषि क्याम्पसका बिज्ञसंग अन्तरक्रिया कार्यक्रमका लागी  १७  लाख ३० हजार रुपैयाँ बजेटको  प्रबन्ध गरेको छु ।

४८. पकेट विकास कार्यक्रमलाई निरन्तरता दिदै बाख्रा पकेट विकास कार्यक्रमका लागि २२ लाख तथा तरकारीबाली पकेट विकास कार्यक्रमका लागि ६ लाख रुपैयाँ बजेटको व्यवस्था गरेको छु ।

यसरी कृषि क्षेत्रमा सशर्त तर्फ ८९ लाख र आन्तरिक स्रोत तर्फ ३० लाख गरी जम्मा १ करोड १९ लाख रुपैयाँ विनियोजन गरेको छु ।

अब म पशु सेवा तर्फको बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

४९. पशुको स्वास्थ्य परीक्षण, उपचार र उपयुक्त परामर्श उपलब्ध गराउन पशुपंक्षीको मेडिकल उपचार, माइनर सर्जिकल उपचार, गाइनाकोलोजिकल उपचार, आन्तरिक तथा बाह्य परजीवि नियन्त्रण जस्ता पशु उपचार सेवाका लागि १० लाख तथा पशु आहार विकासका लागि ३ लाख  बजेट  व्यवस्था मिलाएको छु ।

५०. नगरपालिकामा आवश्यक एक भेटेरिनरी डाक्टरको प्रबन्धका लागि ४ लाख ८० हजार रुपैयाँ तथा कृत्रिम गर्भाधान मिसन कार्यक्रम तथा  पशुपन्छी रोगको अन्वेषण, नमुना सङ्कलन तथा प्रेषण कार्यक्रमका लागि ३ लाख १० हजार  रुपैयाँ विनियोजन गरेको छु ।

५१. विपन्न तथा व्यवसायिक किसान  तथा जैविक बिबिधतालाई समेत लक्षित गरी माछा भुरा तथा बंगुरका पाठा वितरण कार्यक्रम तर्फ ३ लाख १० हजार रुपैयाँ व्यवस्था गरेको छु ।

यसरी सशर्त अनुदान तर्फ ३० लाख र आन्तरिक स्रोत तर्फ २५ लाख गरी पशु सेवा क्षेत्रमा जम्मा ५५ लाख रुपैयाँ विनियोजन गरेको छु ।

अब म उद्यम तथा व्यवसाय क्षेत्रको विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

५२. उपभोक्ता हित तथा व्यवसाय संरक्षण बजार व्यवस्थापनका आयामहरु हुन् । यसका लागि नियमित बजार अनुगमन गर्नु आवश्यक हुन्छ । यसका लागि  आवश्यक रकमको प्रबन्ध गरेको छु ।

५३. सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा बृद्धि गर्नका लागि कम्तिमा ५ जनाको समुहमा प्रबिधि हस्तान्तरण गर्ने तथा लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्ने तथा भएका उद्यमीको स्तरोन्नती गर्ने गरि गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रमका लागि ३० लाख बजेट छुट्ट्याएको छु ।

५४. नगरभित्र उधमशिलताको विकास तथा प्रबर्धन गर्न **मेयर उधमशिलता कार्यक्रम**का लागि ३ लाख बिनियोजन गरेको छु।

यसरी सशर्त अनुदान तर्फ ३० लाख र आन्तरिक स्रोत तर्फ ३ लाख गरी उद्यम तथा व्यवसाय क्षेत्रमा जम्मा ३३ लाख रुपैयाँ विनियोजन गरेको छु ।

अब म सहकारी विकास उप क्षेत्रको विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

५५. सहकारी विकासका लागि नियामक कार्य गर्न रु १ लाख ६० हजार, सहकारी शिक्षा लगायत प्रबर्द्धनात्मक कार्यका लागि रु १ लाख ३० हजार तथा स्थानीय सहकारी प्रशिक्षण कार्यका लागि रु २ लाख १० हजार गरि कुल रकम रु ५ लाख सहकारी क्षेत्रमा बिनियोजन गरेको छु।

आदरणीय सभा अध्यक्ष तथा सदस्यज्यू,

अब म पूर्वाधार विकास क्षेत्र अन्तर्गतका कार्यक्रमहरुको विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

५६. नगर भित्रका खुला स्थानमा पार्क निर्माण गर्ने उदेश्यले वडा न ६ मा वि.पि.पार्क संरक्षणका लागि १० लाख तथा लक्ष्मीनारायण पार्क निर्माणका लागि ५ लाख बिनियोजन गरेको छु ।

५७. हलो क्रान्तिका नायक पंडित तोयानाथ अधिकारीको सम्झनामा मध्यपहाडी लोकमार्गको सत्रसयबाट दुराडाँडा प्रवेश बिन्दुमा "पंडित तोयानाथ स्मृति शिक्षा द्वार" निर्माण गर्नका लागि १२ लाख रुपैयाँ विनियोजन गरेको छु ।

५८. नगरपालिकाको प्रशासनिक भवन निर्माण कार्य सम्पन्न भई सेवा प्रबाह समेत सुरु भैसकेको अवस्था छ । उक्त भवनको कम्पाउण्ड वाल निर्माणका लागि ८७ लाख रुपैयाँ विनियोजन गरेको छु ।कार्यालय भवन परिसरमा चमेना गृह तथा थप कार्यकक्ष निर्माणका लागि ७५ लाख तथा कार्यालय प्रांगणमा टाईल बिछ्याउने कार्यका लागि ६५ लाख रुपैयाँ विनियोजन गरेको छु ।

५९. वडा नं ११ को निर्माणाधीन वडा कार्यालय भवन निर्माण सम्पन्न गर्ने गरी उक्त योजनाका लागि ३४ लाख रुपैयाँ विनियोजन गरेको छु ।

६०. संघिय तथा प्रदेश सरकारको तर्फबाट प्राप्त हुने समपूरक अनुदान, सडक बोर्डबाट प्राप्त हुने अनुदान लगायतमा लागत साझेदारी लगायतका विभिन्न योजनामा थप रकम व्यवस्था गर्नका लागि १ करोड रुपैयाँ विनियोजन गरेको छु ।

६१. सुन्दरबजार सहलगानी बृहत खानेपानीका लागि २५ लाख रुपैयाँ विनियोजन गरेको छु ।

६२. पर्यटन पूर्वाधार विकास आयोजना अन्तर्गत वडा नं ७ स्थित कर्मदा नदी शिबजी मन्दिरका लागि ८ लाख रुपैयाँ विनियोजन गरेको छु ।

६३. नगरपालिका र स्थानीय उपभोक्ताहरुको लागत सहभागितामा बजार क्षेत्रका भित्री सडकहरु पीच गर्ने कार्यका लागि १ करोड ५० लाख रुपैयाँ ,तत्कालीन व्यवस्थापनका लागि अन्य पूर्वाधार शीर्षकमा ५० लाख रुपैयाँ तथा गुरुयोजना र क्षेत्रगत योजनाको डी.पी.आर तयार गर्न १५ लाख बजेट विनियोजन गरेको छु ।

६४. सुन्दरबजार ८ स्थित भोटेवडार आखा उपचार केन्द्रको लागि रु ७० लाख तथा भारती सदन लिंगेडाडा हुदै रामदी पेट्रोल पम्प मोटरबाटो स्तरोन्नतिका लागि ४० लाख रुपैया तथा झोलुंगे पुल क्षेत्रगत कार्यक्रमका लागि रु ५० लाख रुपैयाँ छुट्याइएको छु ।

६५. स्थानीय माग तथा आवश्यकताका आधारमा वडा स्तरीय कार्यक्रमहरु सञ्चालन गर्न सहज होस् भन्ने हेतूले प्रति वडा ५५ लाखका दरले ११ वडाका लागि ६ करोड ५ लाख रुपैयाँ विनियोजन गरेको छु ।

६६. नगरपालिकामा अति आबस्यक रहेको शबबाहन खरिद तथा संचालनका लागि १७ लाख रुपैयाँ छुट्याइएको छु ।

६७. वडा न ५ स्थित कैजाले-पाउदि खोला तटबन्ध निर्माणका लागि ५ लाख , वडा न ८ मा अकला मन्दिर निर्माणका लागि १० लाख रुपैयाँ ,वडा न ७ मा सापकोटा टोल शिव मन्दिर कम्पाउण्डका लागी ५ लाख , वडा न ३ मा सन्तोषी आमा समूह भवन निर्माणका लागि ३ लाख रुपैयाँ ,वडा न ११ मा हिमाली आमा समूह भवन ब्यबस्थापनका लागि १ लाख रुपैयाँ तथा नगरपालिकाको समुचित स्थानमा पानि पुनर्भरण पोखरी निर्माणका लागि १ लाख रुपैयाँ बजेट छुट्याइएको छु ।

६८. भोटेवडार तथा सुन्दरबजारका ओम शान्ति भवन लागि ४ लाख रुपैयाँ , मुस्लिम भवनका लागि ४ लाख रुपैयाँ , इशाई धर्मावलम्बीको कभर स्थानको खोजि तथा निर्माणका लागि ४ लाख रुपैयाँ तथा नेपाल पत्रकार महासंघ जिल्ला कार्य समितिको भवन निर्माणका लागि ५ लाख रुपैयाँ बजेट ब्यबस्था गरेको छु।

सभाका आदरणीय अध्यक्ष तथा सदस्यज्यूहरु,

अब म वन, वाताबरण तथा विपद् ब्यवस्थापन क्षेत्र अन्तर्गतका कार्यक्रमको विनियोजन प्रस्तुत गर्न चाहन्छु ।

६९. पाउँदी खोलामा जम्मा हुने ढुङ्गा गिट्टी तथा बालुवालाई ब्यबस्थित गर्दै अनियन्त्रित दोहन रोक्नका लागि पाउँदी खोलाको वाताबरणीय प्रभाव मूल्याङ्कन गर्न ५ लाख रुपैयाँ तथा संघ सरकारको सहयोगमा नवीकरणीय तथा वैकल्पिक उर्जा विकासको कार्यक्रमलाई निरन्तरता दिदै ८ लाख रुपैयाँ छुट्याइएको छु ।

७०. तत्काल उद्धार तथा राहत कार्यलाई व्यवस्थित गर्न स्थापित विपद व्यवस्थापन कोषका लागि ३० लाख रुपैयाँ तथा कोरोना प्रतिकार्य कोषका लागि १० लाख विनियोजन गरेको छु ।

७१. फोहोर मैला ब्यबस्थापनका लागि ४३ लाख रुपैयाँ तथा बन तथा बाताबरण सम्बन्धि कार्यक्रमका लागि ७ लाख छुट्याइएको छु ।

यसरी सशर्त तर्फ ४८ लाख र आन्तरिक स्रोत तर्फ ५५ लाख गरी वाताबरण संरक्षण तथा विपद व्यवस्थापनमा जम्मा १ करोड ३ लाख रुपैयाँ विनियोजन गरेको छु ।

सभाका आदरणीय अध्यक्ष तथा सदस्यज्यूहरु,

अब म संस्थागत विकास क्षेत्रको विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

७२. नगरपालिकालाई सूचना प्रविधि मैत्री बनाउने अभियान स्वरूप कार्यालय तथा नगर क्षेत्रमा सी.सी क्यामेरा जडानका लागि रु १५ लाख तथा नगरपालिकाका पार्क तथा सार्बजनिक स्थलहरुमा निशुल्क वाई फाई जडानका लागि ५ लाख तथा सूचना प्रबिधि ब्यबस्थापनका लागि ५ लाख रुपैयाँ विनियोजन गरेको छु ।

७३. न्यायिक संमितिबाट सम्पादन हुने कार्य थप ब्यबस्थित गर्न ८ लाख साथै राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण कार्यलाई ब्यबस्थित तथा थप प्रभावकारी बनाउन ३० लाख रुपैयाँ बजेट व्यवस्था गरेको छु ।

७४. सुशासन प्रबर्धनका लागि रु १० लाख, साझेदारितालाई प्राथमिकतामा राख्दै पत्रकार क्षमता अभिबृद्दि कार्यक्रमका लागि रु ५ लाख, गै.स. स साझेदारी तथा अन्य संघ संस्था साझेदारीका लागि रु २० लाख रुपैयाँ बजेट व्यवस्था गरेको छु ।

७५. सार्वजनिक सुनुवाई, परामर्श, योजना निर्माण तथा कार्यान्वयनका लागि रु २० लाख बजेट व्यवस्था गरेको छु ।

७६. कर प्रशासनलाई व्यवस्थित गर्दै करदाताहरुमा आवश्यक सूचना प्रवाह एव ब्यबसायीहरुसंगको सहकार्यमा राजस्व सुधार अभियानका लागि रु ७ लाख रुपैयाँ विनियोजन गरेको छु।

७७. उपभोक्ता समितिलाई अभिमुखीकरण तालिम, उत्कृस्ट उपभोक्ता समितिलाई पुरस्कार, प्रशासनिक कार्यसंचालन सम्बन्धि तालिम तथा सिप विकास तालिमका लागि रु २२ लाख छुट्याएको छु।

सुशासन, सेवा प्रवाह र संस्थागत क्षमता तर्फ आन्तरिक स्रोतबाट १ करोड ४७ लाख रुपैयाँ विनियोजन गरेको छु।

सभाका अध्यक्ष महोदय तथा सदस्यज्यूहरु,

अव म बजेटमा उल्लिखित क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न आवश्यक पर्ने बजेट विनियोजन र स्रोत अनुमान प्रस्तुत गर्न चाहन्छु ।

७८. आगामी आर्थिक वर्षका नीति तथा कार्यक्रम कार्यान्वयन गर्न जम्मा रु ७९ करोड ७५ लाख ८० हजार रकम खर्च हुने अनुमान गरेको छु । कुल विनियोजन मध्ये चालुतर्फ ५२ करोड ३२ लाख ८८ हजार अर्थात् ६५.६ प्रतिशत र पुँजीगततर्फ रु २७ करोड ४२ लाख ९२ हजार अर्थात् ३४.४ प्रतिशत रहेको छ । आगामी आर्थिक वर्षको व्यय अनुमानको विवरण (उपशिर्षकगत तथा खर्च शीर्षकगत समेत) नगर पालिकाको विनियोजन विधेयक, २०७९ संगै पेश गरेको छु ।

७९. आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान रु ११ करोड ९४ लाख, संघीय विभाज्य कोषबाट प्राप्त हुने राजश्व वाँडफाँड रु ८ करोड ६९ लाख ७१ हजार, सशर्त अनुदान र २९ करोड ९६ लाख, संघीय समपुरक अनुदान रु ४० लाख, प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान रु १ करोड ३७ लाख ८७ हजार, प्रदेश राजश्व वाँडफाँड रु १ करोड १० लाख ८० हजार, आन्तरिक राजस्वबाट प्राप्त हुने रु १ करोड ५० लाख अनुमान गरेको छु । यसरी अनुमान गरिएको आम्दानीले अपुग हुन आउने न्युन पूर्ति गर्न चालु आर्थिक वर्षको असार मसान्तसम्म खर्च भई बाँकी रहने अनुमानित नगद मौज्दात रु ३ करोड ८७ लाख अनुमान गरेको छु ।

सभाका अध्यक्षज्यू, तथा सदस्यज्यूहरु,

अव म आर्थिक वर्ष २०७९/८० को लागि राजस्वका नीति प्रस्तुत गर्न चाहन्छु ।

८०. स्थानीय सरकारको क्षेत्रभित्रका करको आधार फराकिलो पार्दै आन्तरिक राजस्व वृद्धि गर्न कर तथा गैरकर राजस्वको अधिकतम परिचालन गर्ने नीति लिएको छु । कर तथा गैरकर राजस्व संकलनलाई प्रभावकारी बनाउन कानुनी तथा संस्थागत सुधार गर्दै राजस्व सुधार अभियान संचालन गर्ने व्यवस्था मिलाएको छु । कर तथा गैरकरका दरलाई प्रगतिशील बनाई राजस्व परिचालन गर्ने व्यवस्था मिलाएको छु ।

८१. आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका नागरिकलाई ध्यानमा राखेर प्रगतिशील कर प्रणाली विकसित गरिनेछ ।नगर पालिका क्षेत्रभित्रका फरक क्षमता भएकाहरुको परिचयपत्र सम्वन्धी, आर्थिक रुपमा विपन्नहरुको निशुल्क उपचार सम्वन्धी तथा प्राकृतिक प्रकोप सम्वन्धी सिफारिश दस्तुर छुट गरिनेछ ।

८२. रोडा, ढुङ्गा, गिटी, बालुवा, चुनढुङ्गा लगायतका दहत्तर बहत्तर शुल्क, विज्ञापन कर र मनोरञ्जन कर स्थानीय तहबाट संकलन गरी बाँडफाँट खातामा जम्मा गरी ६० प्रतिशत स्थानीय तहमा राखी ४० प्रतिशत प्रदेश सञ्चित कोषमा जम्मा हुने कानुनी व्यवस्था प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । नगर पालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय दर्ता गर्न प्रोत्साहित गरी व्यवसायलाई करको दायरामा ल्याईनेछ ।

८३. कर सम्वन्धी प्रस्ताव आर्थिक विधेयक,२०७९ यसै साथ प्रस्तुत गरेको छु । कर सम्वन्धी प्रस्ताव सम्वत २०७९ साल साउन १ गतेबाट लागू हुने व्यवस्था मिलाएको छु ।

सभाका अध्यक्ष महोदय, सभाका सदस्यज्युहरु ,

८४. यो बजेटको कार्यान्वयनमा नागरिक सहभागितालाई नागरिकको अधिकारको रुपमा स्थापित गरी स्वशासन र जनताप्रति पूर्ण जिम्मेवारपूर्वक भूमिका निर्वाह गर्ने कार्यमा हाम्रो सरकार पूर्ण प्रतिवद्ध छ ।

८५. यो बजेट तर्जुमाका लागि मार्गदर्शन गर्नुहुने नगर प्रमुख , नगर सभाका सदस्यहरु, राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, निजी क्षेत्र, सहकारी क्षेत्र र नागरिक समाज तथा पत्रकारहरु बाट प्राप्त सुझाव, सहयोग र सल्लाहप्रति हार्दिक आभार प्रकट गर्दछु । यो बजेटको सफल कार्यान्वयनमा सवै पक्षको पूर्ण सहयोग रहने अपेक्षा गरेको छु । साथै, मुलुक भित्र र वाहिर रहनु भएका सवै नेपालीलाई "समुन्नत

सुन्दरबजार" निर्माणको हाम्रो सरकारको महान यात्रामा सहभागी हुन आब्हान गर्दै बजेट छलफलका लागि सभा समक्ष पेस गर्दैछु । धन्यबाद ।

भवानी के.सी.

उपप्रमुख